*सुरुङ्गा नगरपालिकाको पाचौ नगर सभामा प्रस्तुत आ. व. २०७७।७८ को आर्थिक व्यवस्था गर्न वनेको विधेयक ,२०७७*

यस सुरुङ्गा नगरपालिकाको पाचौ नगर सभाको उदधाटन समारोहका सभाध्यक्ष आदरणीय नगर प्रमुख श्री मुक्तीनाथ चौधरी ज्यू

प्रमुख अतिथि ज्यू

बिशेष अतिथि ज्यू

नगर सभाका सम्पुर्ण सदस्य ज्यूहरु

प्रमुख प्रशासकिय अधिकृत श्री सुरेश दाहाल ज्यू

उपस्थित पत्रकार

हार्दिक नमस्कार

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि विभिन्न कालखण्डका आन्दोलन तथा मधेश आन्दोलनका क्रममा जनताका अधिकार र मुक्तिका लागि आफ्नो ज्यान उत्सर्ग गर्नु हुने सम्पूर्ण शहीदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु साथै आन्दोलनका क्रममा घाईते हुनु भएका घाईतेहरुको स्वास्थ्य लाभको कामना गर्दछु ।

स्थानीय सरकार संचालन ऐन २०७४ मा नगर सभाको कार्य आषाढ महिनाको १० गते भित्र प्रारम्भ गरिसक्नुपर्ने भएकोले आज हामी २०७७/७८ को लागी यस नगरपालिकाको पाचौ नगरसभा प्रारम्भ गर्न गईरहेको छौ .यस पाचौ नगर सभामा आफना अमुल्य समय दिई हाम्रो निमन्त्रणालाई स्वीकार गरी आउनुभएका सम्पुर्ण सभाका सदस्य ज्यूहरुप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

सभाका सभाध्यक्ष महोदय

सप्तरी जिल्लाको जात जाति भाषा भाषि धर्म लिङ्ग सवैको मिश्रण भएको देशकै नमुना यस नगरपालिकाले विगत अर्थिक बर्ष देखी नै खोला नाला पोखरी तथा हाट बजारहरुको ठेक्का बस्तोबस्ती गरी राजश्व असुली गर्न सुरुवात गरीएता पनी ,नगर क्षेत्रभरि रहेको सबै सार्वजनिक पोखरीहरु हाट वजारहरु अव्यवस्थित रहको वर्तमान अवस्थामा सबै ,पोखरीहरुको विवरण र हाटबजारको अभिलेख व्यवस्थापन गरी सबै पोखरी तथा हाट बजारहरु ठेक्का वन्दोवस्ती गरी आम्दानी वृद्धी गर्न सक्षम नगरपालिकाको रुपमा यस नगरपालिकालाई विकास गर्ने मुख्य लक्ष्यका साथ कार्य अगाडी वढिरहेको र विज्ञापन कर हालसम्म पनि संकलन नभएको अवस्थामा आगामी आर्थिक बर्षदेखी संकलन गरीने छ । साथै विश्वभरी फैलिरहेको कोभिड १९ कोरोना भाइरस को महामारीले चालु आर्थिक बर्ष २०७६।७७ मा अनुमानित गरेको राजश्वमा देशमा भएको बन्दा बन्दी को कारण लक्ष्यमा पुग्न नसकिएको व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

आदरणीय सभाध्यक्ष ज्यू

अव आन्तरिक राजस्वका क्षेत्रहरुको वारेमा संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

विगत आव २०७४/७५ देखी करका क्षेत्रहरु पहिचान गरी विगत बर्षहरुमा सम्पन्न नगरसभाले निर्णय गरेपनि सबै करका बिषयहरु कार्यान्वयन गर्न नसक्दा आन्तरिक आम्दानी न्युन रहेको र सोही अवस्था आव २०७७/७८ मा रहि रहदा नगरपालिकाको आम्दानी अनुसार विकास नहुने भएकोले अगामी आवमा आन्तरिक आम्दानी वृद्धी गर्ने सवालमा कुनै कसर वाँकी नराखी कडाईका साथ प्रस्तुत हुनुपर्ने आवश्यकता रहेको छ ।

**क. आन्तरिक आम्दानी हुने क्षेत्रहरु**

१. खोलानाला,पोखरीहरु,हाटबजारको ठेक्कावन्दोवस्ती

२.विभिन्न क्षेत्रका करहरु (विज्ञापन कर ,मनोरन्जन कर , व्यावसाय कर ,सवारी पार्किङ शुल्क ,सम्पती कर, भुमि कर मालपोत, घरवहाल कर, जडीवुटी, कवाडी, जीवजन्तु,काठ निकासी बा पैठारी कर आदि)

३. सेवा शुल्क र सेवा दस्तुर

४. घर नक्शा

५ .विभिन्न निकायबाट प्राप्त हुने राजश्व वाडफाड

६.दण्ड जरिवाना आदि

**ख.. राजस्व अभिबृद्धि**

१. नगरपालिकालाई सक्षम र आत्मनिर्भर वनाउन स्थानीय सरकार संचालन ऐन, २०७४, बमोजिम निर्धारण भएका करका दरहरु कार्यान्वयन गरिने छ। यसका साथै करका दरहरुलाई समय सापेक्ष परिमार्जन गर्दै लगिनेछ।

२. नगर क्षेत्रभित्र रहेका बजार अनुगमन गरी व्यापार व्यावसायको विवरण संकलन अनुसार सम्पुर्ण व्यापर व्यवसायलाई नगरपालिकाको अभिलेखमा दर्ता हुने गरी अभियान संचालन गरिने छ।

३. विगत आर्थिक वर्षदेखी लागु भएको सम्पती करलाइ थप व्यवस्थित गरी सवैलाइ सम्पती करको दायरामा ल्याइने छ।

४. घर बाहल करलाई आन्तरिक श्रोतको अभिन्न अंगको रुपमा विकसित गरि बजारक्षेत्र भित्रको व्यवसायिक प्रयोजनको लागि घर भाडामा लगाइएको घरको कोठाको न्यूनतम घरभाडा कायम गरि नगरकार्यपालिकाले तोकिएको दरमा बहाल कर लिइनेछ।

५. नगरपालिकालाई आवधिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई पुरस्कृत गरिनेछ।

६. नगर कार्यापलिका तथा वडा कार्यालयवाट कम्प्युटकृत प्रणालीवाट राजस्व संकलनलाइ निरन्तरता दिइने छ।

७. कर तिर्ने हरेक क्षेत्रको अभिलेख नगरपालिकामा व्यवस्थित गरिने छ।

८ चौमासिक संकलित करको हिसाव गरी सर्वैभन्दा वढी तिर्ने करदाताको नाम कार्यालयको वेभसाइटमा प्रकाशित गरिने छ।

९ कानुनले प्रतिवन्धित समान ओसार पसार नगर्न यस नगरपालिकाको सीमानासम्म चेक जाँच गर्ने र समान सहित नगर क्षेत्रभित्र प्रवेश गर्ने सवारी साधनलाई निकाशा वा पैठारी शुल्क लगाउने सम्वन्धमा प्रदेश सरकारसँग समन्व्य गरिने छ।

१० स्थानिय संचितकोष प्रणाली (सुत्र) मा संकलित राजश्व प्रविश्टि गरी सरकारी कारोबार निर्देशिका २०७६ अनुसार आन्तरिक राजश्व छुटै खातामा जम्मा गरिनेछ।

११ दोहोरो पर्ने गरी कुनै पनि कर,दस्तुर तथा शुल्क असुल गरीने छैन

१२ आगामी आर्थिक बर्षदेखी सबै वडा कार्यालय तथा नगर कार्यपालिकाको कार्यलयबाट संकलन हुने राजश्वलाइ थप प्रभावकारी तथा मितव्ययी वनाउन अनलाइन प्रवधिबाट राजश्व संकलन गरीने छ।

अव म सुरुंगा नगरपालिकाको आर्थिक व्यवस्था गर्न वनेको विधेयक २०७७ पेश गर्ने अनुमती चाहन्छु।

## सुरुङ्गा नगरपालिकाको आर्थिक व्यवस्था गर्न बनेको विधेयक, २०७७

**प्रस्तावना :**

सुरुङ्गा नगरपालिकाको आर्थिक बर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यबस्था गर्न वाञ्छनीय भएकोले ,

नेपालको सविधानको धारा २२८ को उपधारा (२) बमोजिम सुरुङ्गा नगरपालिकाको पाचौ नगरसभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो ऐनको नाम **आर्थिक ऐन, २०७७** रहेको छ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भएपछि २०७७ श्रावण १ देखी सुरुङ्गा नगरपालिका क्षेत्रमा लागु हुनेछ।

**२. सम्पति कर** :यस नगरपालिका क्षेत्रभित्र अनुसुची (१) बमोजिम सम्पत्ति कर लगाईने र असुल गरिनेछ।

**३.भूमि कर (मालपोत)** यस नगरपालिका क्षेत्रभित्र अनुसुची (२) बमोजिम भूमि कर (मालपोत) लगाईने र असुल गरिनेछ।

**४.घर बहाल कर** :यस नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आशिंक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर बहाल कर लगाईने र असुल गरिनेछ।

**५.बहाल बिटौरी शुल्क** :यस नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसुची (४) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल गरिनेछ।

**६. ब्यबसाय दर्ता तथा नविकरण शुल्क** :यस नगरपालिका क्षेत्रभित्र ब्यापार, ब्यबसाय वा सेवामा पुंजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (५) बमोजिम ब्यबसाय कर लगाईने र असुल गरिनेछ।

**७. विज्ञापन कर :**यस नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाईने र असुल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यबस्था भएको अबस्थमा सोही बमोजिम हुनेछ ।

**८.मनोरन्जन कर :**यस नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यबसाय सेवामा अनुसुची (७) बमोजिम मनोरन्जन कर लगाईने र असुल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यबस्था भएको अबस्थमा सोही बमोजिम हुनेछ ।

**९. सेवा शुल्क र सेवा दस्तुर :** यस नगरपालिकाले उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचीमा व्यबस्था भए अनुसार सेवा शुल्क र सेवा दस्तुर लगाइने र असुल गरिनेछ ।

**१०. दण्ड जरिवाना र नियमित दस्तुर :** यस नगरपालिकाले आफनो क्षेत्रभित्र नगरपालिकाको स्वीकृत विना निर्माण भएका भौतिक संरचना, घर तथा अन्य भवन, टहराहरुलाई भवन सहिंता, भवन निर्माण मापदण्ड र नपाबाट स्वीकृत माापदण्ड भित्र पर्नेको हकमा नगरपालिकाको निर्णयानुसार नक्सा स्वीकृत गरी नियमित गर्नुपर्ने भएमा अनुसूची ९ मा उल्लेखित दरमा दण्ड, जरिवाना र नियमित दस्तुर लगाईने र असुल गरिनेछ ।

**११.सवारी पार्किङ शुल्क :** यस नगरपालिका क्षेत्रभित्र रहेका बजार तथा चोकहरुमा अस्तव्यत सवारी पार्किङ व्यवसथित गरी सवारी साधन पार्किङ अनुसूची (१०) बमोजिम शुल्क लगाउन सकिनेछ ।

**१२.जडीबुटी, कवाडी, जीबजन्तु, निकासी तथा पैठारी कर :** यस नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेको जीबजन्तु बाहेकका अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको निकासी तथा पैठारी गरेबापत अनुसूची (११) बमोजिम कर लगाईने र असुल गरिनेछ ।

**१३. पर्यटन शुल्क :** यस नगरपालिकाले आफनो क्षेत्रभित्र प्रबेश गर्ने पर्यटकहरुबाट अनुसूची (१२) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यबस्था भएको अबस्थमा सोही बमोजिम हुनेछ ।

१४ **दैनिक गुद्री बजारमा लगाइने कर** : यस नगरपालिकाले आफनो क्षेत्रभित्र रहेको हाटबजारहरुको ठेक्का बन्दोबस्ती गरी अनुसूची (१३) मा उल्लेखित दरमा दैनिक हाट बजारबाट कर असुल गरिनेछ ।

**१५ घर नक्सा पास तथा अभिलेख दस्तुरः** यस नगरपालिका भित्र निर्माण हुने घर तथा निर्माण भइसकेका घरहरुको अभिलेखिकरण गर्दा अनुसुची (१४) मा उल्लेखित दरमा घर नक्सा पास तथा अभिलेख दस्तुर असुल गरिनेछ ।

**१६ खोलानाला तथा पोखरी ,** :यस नगरपालिका भित्र रहेका खोला नाला बाट उत्खनन हुने बस्तुहरुको अनुसूची १५ अनुसार दस्तुर असुल गरिने छ र खोलानाला तथा पोखरीहरुको दस्तुर ठेक्का लगाइ ठेक्का प्रणली बाट असुल गरीदै आएको व्यवस्थालाइ निरन्तरता दिइने छ ।

**१६. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका ब्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन् । तत्कालीन स्थानीय निकायको कानून बमोजिम निर्धारण भएका सबै प्रकारका राजस्व वक्यौता रकम, दण्ड जरिवानालाई छुट दिइने छैन । कर छुट र छलीमा संलग्न पदाधिकारीलाई यस्तो छुट र छलीको रकम सरकारी वाँकी सरह सम्वन्धित पदाधिकारीबाट असुल उपर गरिनेछ । प्रदेश तथा संघिय सरकारले कर छुट दिने निर्णयको हकमा यो लागु हुने छैन तर विशेष परिषतिथि परि कर तथा दस्तुर छुट दिनु परेमा नगरसभाको निर्णय अनुसार दिइने छ ।

**१७.कर तथा शुल्क संकलन सम्बन्धी कार्यबिधि :**यो ऐनमा भएको ब्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यबिधि नगरपालिकाले तोके अनुसार हुनेछ । अनुसुची १ देखि अनुसुची १४ सम्ममा उल्लेख भएका देखि वाहेकका कर तथा शुल्क संकलन सम्बन्धी व्यवस्था नगरसभाले तोकेअनुसार हुनेछ साथ तत्काल बाधा अड्काउ परेमा नगर प्रमुखको निर्णय अनुसार कर तथा दस्तुर उठाउने व्यवस्था गरिने छ ।

## अनुसूची १

(दफा २ सँग सम्वन्धित)

**सम्पत्ति कर**

| सि.न. | इकाई | दर |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| १ | *फुसको घर प्रति घर* | रु ५०।- |
| २ | अर्ध पक्की घर प्रति घर | रु १००।- |
| ३ | पक्की घर प्रति वर्ग फिट | पैसा ५०।- |

# अनुसूची २

(दफा ३ सँग सम्वन्धित)

## भूमि कर (मालपोत)

**क) पुर्व कडरवोना देखी पश्चिम वलान खोला र कदमाहा देखी उतर त्रियुगा नगरपालिका सीमानासम्म राजमार्गमा छोएका घडेरीहरु प्रति कठठा रु १००।-**

**ख) आवास प्रयोजनको लागी घडेरीहरु**

बजार श्रेत्रका जग्गा प्रति कठ्ठ् रु ५०

ग्रामीण श्रेत्रका जग्गा प्रति कठ्ठा रु २५

**ग) खेतीयोग्य जमिनहरु**

| सि.न. | इकाई | दर |
|---|---|---|
| १ | एक विग्हासम्मको प्रति कठठा | रु १०।- |
| २ | एक विग्हा माथि तीन विग्हासम्मको प्रति कठठा | रु १२।- |
| ३ | तीन विग्हा माथि जतिसुकै भएपनि प्रति कठ्ठा | रु १५।- |

# अनुसूची ३

(दफा ४ सँग सम्वन्धित)

## घर बहाल कर

*बहाल कर न्युनतम निम्न अनुसार हुने (मासिक)*

| *सि.न.* | *विवरण* | *बहाल दर* |
|---|---|---|
| *१* | *घरधनीसंग वहाल सम्झौता रकमको* | *१० प्रतिशत* |

# अनुसूची ४

(दफा ५ सँग सम्वन्धित)

## विटौरी कर

| सि.न. | विवरण | मासिक रु | बार्षिक रु |
|---|---|---|---|
| १ | सडक क्षेत्र,ऐलानी तथा दर्ता छुट जग्गामा व्यापार व्यावसायको लागी प्रति स्टल,कोठा,ठेला गाडी | ५०० | ५००० |
| २ | अस्थायी आवास प्रयोजनको लागी प्रति घरधुरी | | १००० |
| ३ | कृषि तथा अन्य प्रयोजनको लागी प्रति कठठा | | १००० |

# अनुसूची ५

(दफा ६ सँग सम्वन्धित)

## *व्यवसाय दर्ता*

*पुंजीको आधारमा*

*१) व्यापारिक बस्तुहरु*

क) चुरोट तथा मदिरा जन्य पदार्थ, हार्डवेयर, टायल्स, मार्वल तथा सेनीटरी र ज्वेलर्स फर्निचर तथा फर्निसिंग संग सम्बन्धित बस्तुहरुको व्यापार व्यावसाय (मदिरा र कोल्ड ड्रिंक सहितको किराना पसल समेत)

| सि.नं. | बिवरण | प्रस्तावित दर(रु) |
|---|---|---|
| १ | ५ लाख सम्म | ५०० |
| २ | ५ लाख १ देखि १५ लाख सम्म | १००० |
| ३ | १५ लाख १ देखि १ करोडसम्म | ५००० |
| ४ | १ करोड १ देखि ५ करोडसम्म | १०००० |
| ५ | ५ करोड देखि माथि | १५००० |

ख) क्यामेरा, टेलीभिजन,फ्रिज लगायतका विधुतिय तथा विद्युतका सामग्री (सिडि प्लेयर, कम्प्युटर, मोवाईल लगायत सामाग्री समेतका व्यवसायहरु)

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | ५ लाख सम्म | ५००। |
| २ | ५ लाख १ देखि २० लाख सम्म | १०००। |
| ३ | २० लाख १ देखि १ करोडसम्म | ३०००। |
| ४ | १ करोड १ देखि ५ करोडसम्म | ५०००। |
| ५ | ५ करोड १ देखि माथि | ७०००। |

ग) ट्याक्टर विक्री, कार जीप, अटोमोबाईल, मोटरपार्टस, मोटरसाईकल, मिल, मेशिनरी तथा हार्डवयर सम्वनधी आदि ।

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | ५ लाख सम्म | ५००। |
| २ | ५ लाख १ देखि १० लाख सम्म | १०००। |
| ३ | १० लाख १ देखि २० लाख सम्म | १२००। |
| ४ | २० लाख १ देखि करोड सम्म | २०००। |
| ५ | १ करोड १ देखि माथि ५ करोड सम्म | ३०००। |
| ६ | ५ करोड १ देखि माथि | ५०००। |

घ) किताब, कापी तथा स्टेशनरी संग सम्बन्धित ब्यवसाय (औषधि पसल र किराना व्यवसाय समेतको हकमा)

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | १ लाख सम्म | ५००। |
| २ | १ लाख १ देखि ३ लाख सम्म | ५५०। |
| ३ | ३ लाख १ देखि ५ लाख सम्म | ६००। |

| | | |
|---|---|---|
| ४ | ५ लाख १ देखि २० लाख सम्म | १०००। |
| ५ | २० खाल १ देखि २५ लाख सम्म | १५००। |
| ६ | २५ लाख १ देखि माथि | २०००। |

ङ) कृषिसंग सम्बन्धित व्ययवसायको हकमा (कृषि फर्म, गाई, बाखा, सुगुर पालन, कुखुरापालन, मत्स्यपालन ब्यवसाय आदी कृषि सामग्री औजार, मल, विऊ दाना, चोकर, पशुंपक्षि आहारा)

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | १ लाख सम्म | १००। |
| २ | १ लाख १ देखि ३ लाख सम्म | २००। |
| ३ | ३ लाख १ देखि ५ लाख सम्म | ५००। |
| ४ | ५ लाख १ देखि २० लाख सम्म | ५५०। |
| ५ | २० लाख  देखि माथि | १०००। |

प्रत्येक व्यवसायको लागि छुटाछुटै शुल्क लाग्ने छ ।

च) शिसा, फेमिर्Ë, कार्पेट, साजावटका सामान र जनरल गुड्सहरु आदि ।

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | १ लाख सम्म | १००। |
| २ | १ लाख १ देखि ५ लाख सम्म | ५००। |
| ३ | ५ लाख १ देखि १० लाख सम्म | १०००। |
| ४ | १० लाख १ देखि २० लाख सम्म | १५००। |
| ५ | २० लाख  देखि माथि | २०००। |

छ) कपडा,रेडिमेड कपडा आदि व्यवसाय

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | ३ लाख सम्म | २००। |
| २ | ३ लाख १ देखि ५ लाख सम्म | ५००। |
| ३ | ५ लाख १ देखि १५ लाख सम्म | १०००। |
| ४ | १५ लाख १ देखि ३० लाख सम्म | १५००। |
| ५ | ३० लाख १ देखि १ करोड सम्म | २०००। |
| ६ | १ करोड १ देखि ५ करोड सम्म | ३०००। |
| ७ | ५ करोड १ देखि माथि | ५०००। |

ज) सवारी साधन शोरुम तथा विक्रीकक्ष आदि व्यवसाय

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|

| | | |
|---|---|---|
| १ | मोटरसाईकल | ५०००। |
| २ | ई रिक्सा, सफारी, अटो टेम्पो | ५०००। |
| ३ | पावर टिलर, ट्याक्टर शो रुम | ५०००। |
| ४ | कार, जीप, भेन | १००००। |

## २) विशेष परामर्श तथा ब्यवसायिक सेवा

## क) चिकित्सक, अहेव, कवीराज, होमियोपेथिक, आयुर्वेदिक, पशु डाक्टर, भेटरीनरी, सर्जीकल लागायत स्वस्थ्य संग सम्बन्धित ब्यवसायहरु ।

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | एम.डी. | २०००। |
| २ | एम.वि.वि.एस, पशु डाक्टर | १०००। |
| ३ | पशु सहायक | ५००। |
| ४ | कविराज, होमियपेथि, आर्युवेदिक डाक्टर | १०००। |
| ५ | सर्जिकल सामान खुद्रालाई | १०००। |
| ६ | औषधिपसल थोकलाई | २०००। |
| ७ | सर्जिकल सामान थोक | ५०००। |
| ८ | भिडियो एक्स रे | २०००। |
| ९ | कविराज, होमियपेथि, आर्युवेदिक अहेव | १०००। |
| १० | शारिरिक ब्यायमका सामाग्री विक्री | ३०००। |
| ११ | ईन्जीनियरिङ्ग परामर्श | ३०००। |

## ख) टेलिचलचित्र, बृत्तचित्र निर्माण, परामर्श सेवा, अनुसन्धान तथा परामर्शदाता, अनुवादक, छापाखाना, प्रेश, स्क्रिन प्रिन्टर्स आदि ।

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | ३ लाख सम्म | ५००। |
| २ | ३ लाख १ देखि ५ लाख सम्म | ५५०। |
| ३ | ५ लाख १ देखि १५ लाख सम्म | १०००। |
| ४ | १५ लाख १ देखि २० लाख सम्म | १५००। |
| ५ | २० लाख १ देखि १ करोड सम्म | २०००। |
| ६ | १ करोड १ देखि ५ करोड सम्म | ३०००। |
| ७ | ५ करोड १ देखि माथि | ५०००। |

## ग) केवुल नेटवर्क ब्यवसाय

दर्ता तथा नविकरण शुल्क वापत बार्षिक रु ५०० । लिने

## घ) कानुनी ब्यवसायी

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | बरिष्ठ अधिवक्ता | २०००। |
| २ | अधिवक्ता | १०००। |
| ३ | लेखापढी | ५००। |

## ङ) लेखापरिक्षक

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | श्रेणी क | २०००। |
| २ | श्रेणी ख | १०००। |
| ३ | श्रेणी ग | ५००। |
| ४ | श्रेणी घ | ३००। |

## च) अन्य सेवाहरु वा फर्मः

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | विमा एजेन्ट विदेशी | १००००। |
| २ | विमा एजेन्ट स्वदेशी | ५०००। |
| ३ | विज्ञापन ऐजेन्सी | ३०००। |
| ४ | शेयर दलाल | १००००। |
| ५ | अभिकर्ता | १०००। |
| ६ | कानुनी फर्म | १०००। |

## छ) निर्माण कार्यमा सम्लग्न श्रमीक व्यावसायी (भवन निर्माण, विद्युत जडान तथा मर्मत, प्लम्बीगं, पेन्टर, आदी)को

ईजाजत शुल्क रु.१०००।०० नविकरण शुल्क रु.५००।०० लगाउने

## ३ कुटानी पिसानी व्यवसायहरुको हकमा

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | कुटानी तथा पिसानी मात्र | १०००। |
| २ | कुटानी तथा पिसानी पेलानी | १५००। |
| ३ | कुटानी तथा पिसानी, पेलानी चिउरा समेत | १६००। |
| ४ | कुटानी तथा पिसानी, पेलानी चिउरा, मसाला समेत | १७००। |
| ५ | कुटानी तथा पिसानी, पेलानी तथा विक्री समेत | २०००। |

## ४. उत्पादनमुलक उधोग

क) अर्ध प्रशोधित माल वा खेर गईरहेको माल वा अन्य सामानको प्रयोग र प्रशोधन गरि मालसामान उत्पादन गर्ने व्यवसाय जस्तो, खेर गईरहेको प्लाष्टिकबाट सामान निर्माण गर्ने र फोहोरबाट मल निर्माण गर्ने व्यवसायको हकमा व्यवसायको लगानी हेरी रु १००० देखि रु १०००० सम्म लिने ।

ख) वातावरणमा असर पार्ने उत्पादन मुलक उद्योग ईटामा प्रति वर्ष रु . १००००। शुल्क लनि ।

*नोटः वातावरणलाई असर पार्ने उद्योग अन्तर्गत ईट्टामा प्रति गोटा निश्चित दरमा कर लगाउन छलफल भएको भएतापनि सो गर्न नसकिएको ।*

## *५. पर्यटन सेवा व्यवसाय*

*आवास लज, होटल, फास्टफुड रेस्टुरा, रिसोर्ट ट्राभल्स एजेन्सी, स्वमीË पुल, कन्फेन्सहल आदि ।*

| *सि.नं.* | *बिवरण* | *प्रस्तावित दर* |
|---|---|---|
| *१* | *१ लाख सम्म* | *५००।* |
| *२* | *१ लाख देखि २ लाख सम्म* | *५५०।* |
| *३* | *२ लाख १ देखि ५ लाख सम्म* | *७००।* |
| *४* | *५ लाख १ देखि २० लाख सम्म* | *१०००।* |
| *५* | *२० लाख भन्दा माथि* | *२०००।* |
| *६* | *रिसोर्टहरुको हकमा* | *४०००।* |

## ६. संचार सेवा,पत्रपत्रिका,ईन्टरनेट, साईवर क्याफे,अनलाईन न्युज,कुरियर सेवा, एफएम रेडियो तथा टेलिभिजन समेत

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | ३ लाख सम्म | १०००। |
| २ | ३ लाख १ देखि ५लाख सम्म | १२००। |
| ३ | ५ लाख १ देखि १० लाख सम्म | १५००। |
| ४ | १० लाख १ देखि ५० लाख सम्म | २०००। |
| ५ | ५० लाख १ देखि माथि | २५००। |
| ६ | मोवाइल टावर (वार्षिक) | ३०००। |

## ७. वित्तिय सेवा

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | निजी क्षेत्रबाट संचालीत बाणिज्य बैंक, विदेशी विमा कम्पनी (क वर्ग) | ५०००। |
| २ | बिकास बैंकहरु (ख वर्ग) | ४०००। |
| ३ | वित्तिय कम्पनीको मुख्य कार्यालय | ५०००। |
| ४ | विमा कम्पनी र मनि ट्रान्सफर | ३०००। |
| ५ | १ करोड सम्म कारोवार (वासलात) भएका सहकारी | २०००। |
| ६ | १ करोड १ भन्दा माथि ३ करोड सम्म | ३०००। |
| ७ | ३ करोड १ देखि ५ करोड सम्म | ५०००। |
| ८ | ५ करोड १ देखि भएका सहकारीहरु | ८०००। |
| ९ | वितिय कम्पनीका शाखा कार्यालयहरु | ३०००। |
| १० | लघुवित्त कम्पनीको कार्यालय तथा शाखा कार्यालयहरु | ३०००। |

| | | |
|---|---|---|
| ११ | इन्भेष्टमेन्ट कम्पनीहरु | ३०००। |

**नोटः** १.बचत तथा ऋणको कारोवार नगरी पूर्णतया कृषिमा आधारित सहकारीका हकमा बार्षिक शुल्क नलिने । माथि उल्लेखित सहकारीहरुको सम्बन्धमा कुनै सिफारिस गर्नुपर्ने भएमा प्रति सिफारिस रु १००० लिने ।

२.महिलाहरुद्धारा मात्र गठन भई सन्चालित सहकारी सस्थाहरुको दर्ता र नविकरण शुल्कमा लाग्ने दस्तुरको ५० प्रतिशत छुट दिने ।

## ८. निजी तथा साझेदारी स्तरमा सन्चालित स्वास्थ्य सेवा प्रदायक क्लिनिक, अस्पताल, औषधालयहरु, थेरापी सेन्टर, रिसर्च सेन्टर, ल्याव तथा रेडियोलोजी आदी ।

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | ५ लाख सम्मको लागि | १०००। |
| २ | ५ लाख १ देखि २० लाख सम्म | ३०००। |
| ३ | २० लाख १ देखि १ करोड सम्म | ५०००। |
| ४ | १ करोड १ देखि ५ करोड सम्म | ८०००। |
| ५ | ५ करोड देखि माथि | १००००। |

## ९. तालिम तथा प्रशिक्षण केन्द्रहरु

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | तालिम तथा अनुसन्धान, कम्प्युटर टाईपिË लगायत फोटोकपि समेत संचालन भई काम गर्नेहरुको हकमा, कम्प्युटर तथा भाषा प्रशिक्षण, निजी क्षेत्रबाट दिईने शिक्षा सेवा तथा कोचिË सेन्टर लगायत अन्य समेत | २०००। |

## १०. मर्मत सेवा

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | टेक्टर, बस, ट्रक, हेवी ईक्युपमेन्ट, कार, जीप, लगातय तिन पाग्रें सवारी डेन्टिË मोटर पार्टस, मिलमेशिनरी, एयरकुलर, टायर रिसोलिË मोटरसाईकल, हुडसिट मर्मत आदि | २५००। |
| २ | रेडियो, घडि, टिभि, ईलेक्ट्रोनिक मर्मत, फ्रिज, , मोटर तथा वाटरपम्प, स्टेप्लाईजर | १०००। |
| ३ | ग्यांस चुल्हो सेल्स, डाईनोमाईट, गाडीको पम्प, टायरट्युब पंचर, ग्यांस वल्डिË, रिक्सा मर्मत गर्ने, साईकल, लुगा सिउने मेशीन अन्य फोटोकपि व्याग आदी मर्मत | ५००। |

## ११. अन्य सेवा

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | बैदेशिक रोजगारिमा पठाउने संस्था, हाउजिË कम्पनी | ५०००। |
| २ | उधोग, संघसंस्था आदिमा स्वदेशको लागि जनशक्ति सप्लाई गर्ने | ५०००। |
| ३ | कलर ल्याव | १०००। |
| ४ | घरजग्गा खरिद विक्री, रियल स्टेट | ५०००। |
| ५ | विज्ञापन सेवा फोटो स्टुडियो | १०००। |
| ६ | ब्युटी पार्लर, केश श्रृंगार, साइनवोर्ड, पेन्टिË, सैलुन नर्सरी | ५००। |
| ७ | मासु (खसी, कुखुरा, रागा, बंगुर आदि) खुद्रा विक्रेता | ५००। |

| | | |
|---|---|---|
| ८ | मासु (खसी, कुखुरा, रागा, बंगुर आदि) थोक विक्रेता | १०००। |
| ९ | पंचेबाजा | २५०। |
| १० | ब्रास वैण्डबाजा | ५००। |
| ११ | सित भण्डार | १०००। |
| १२ | टेण्ट हाउस | ५०००। |
| १३ | क्याटरिË | १०००। |
| १४ | सेलर मिल (उत्पादन, प्रशोधन, प्याकेजिगं तथा विक्री) | ५०००। |
| १५ | एग्रोभेट | १०००। |
| १६ | कवाडी पसल थोक | १०००। |
| १७ | कवाडी पसल खुद्रा | ५००। |
| १८ | ढुवानी सेवा शाखा भएका केरियर | १०००। |
| १९ | ढुवानी सेवा शाखा नभएको केरियर | १०००। |
| २० | चस्मा विक्री गर्ने पसल | ५००। |
| २१ | सेटरीË ब्यावसाय | ५००। |
| २२ | टेलरीË ब्यावसाय | ५००। |
| २३ | ग्यास विक्री डिलर | २०००। |
| २४ | खाधान्न सम्बन्धि कांटा | १०००। |
| २५ | डिपार्टमेन्टल स्टोर रेष्टुरां बेकरी सहितको | १००००। |
| २६ | सपिगं सेन्टर, मिनि मार्केट | ५०००। |
| २७ | डिपार्टमेन्टल स्टोर | १००००। |
| २८ | निर्माण व्यवसायी | ५००० |

## १२. जेनरल स्टोर

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | ५ लाख सम्म | १०००। |
| २ | ५ लाख १ देखि २० लाख सम्म | २०००। |
| ३ | २० लाख १ देखि ५० लाख सम्म | ३०००। |
| ४ | ५० लाख १ देखि १ करोड सम्म | ५०००। |
| ५ | १ करोड १ देखि माथि | १००००। |
| ६ | अन्य (पान पसल, नाई सेवा, चिया नास्ता पसल आदि) | ५००। |

## १३. भाडा वर्तन, जुत्ताचप्पल, कस्मेटिक, मनिहारी, हेल्थ केयर, कृतिम गहना विक्रेता

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|

| | | |
|---|---|---|
| १ | ५ लाख सम्मको लागि | ५००। |
| २ | ५ लाख १ देखि १० लाख सम्म | १०००। |
| ३ | १० लाख १ देखि ५० लाख सम्म | २०००। |
| ४ | ५० लाख देखि १ करोड सम्म | ३०००। |
| ५ | १ करोड देखि माथि | ५०००। |

## १४. क) उधोग

मैनवत्ती, अगरबत्ती, धातु उद्योग,चक उद्योग, दाना उद्योग, फिनेल उद्योग, निर उद्योग, औषधी उद्योग, उन्पादनमुलक उद्योगको डिपो, सौर्य उर्जा उत्पादन, मिश्री उत्पादन, चकलेट उद्योग, पापड चिप्स उद्योग, पाउरोटी उद्योग, बरफ उत्पादन, झुल तथा पर्दा उद्योग, घरेल कपडा बनाउने उद्योग, डेरी उत्पादन, चिनी उद्योग, डोरी डब्बा, वाल्टीन आदी बनाउने उद्योग, निर्माण उद्योग, खनिज उद्योग, सोलर तथा उर्जा मुलक उद्योग ,काष्ठ उधोग, मिनिरल वाटर उद्योग र नर्रसरी उद्योग ।

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | ५ लाख सम्मको लागि | ५००। |
| २ | ५ लाख १ देखि २० लाख सम्म | २०००। |
| ३ | २० लाख १ देखि १ करोड सम्म | ५०००। |
| ४ | १ करोड १ देखि ५ करोड सम्म | ८०००। |
| ५ | ५ करोड देखि माथि | १५०००। |

## ख) ग्रिल र आल्मुनयिम उधोग

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | ३ लाख सम्मको | ५००। |
| २ | ३ लाख १ देखि ५ लाख सम्मको | १०००। |
| ३ | ५ लाख १ देखि १० लाख सम्म | १५००। |
| ४ | १० लाख १ देखि २० लाख सम्म | २०००। |
| ५ | २० लाख १ देखि माथि | २५००। |

*उल्लेखित व्यवसायको हकमा अन्य निकायलाई गरिने सिफारिस बापतको दस्तुर थप लिने ।*

## ग) उल्लेख नभएका अन्य उधोगहरु

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | ट्युवलाईट उधोग, ब्याट्टि उधोग, प्लाष्टीकका सामानहरु उत्पादन गर्ने उधोग, साबुन उत्पादन गर्ने उधोग आदि | ५०००। |
| २ | वियर फ्याक्ट्री, मदिर उत्पादन उधोग, ल्युव उधोग,इटटा उधोग | २०००० |
| ३ | सुर्तिजन्य उद्योगहरु, पानमसला, गुटखा आदी | २०००। |

## १५. अन्य वर्गीकरण नखुलेका व्यावसाय

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | आलु, प्याज, हरियो तरकारी, फलफुल थोक विक्री | १०००। |
| २ | खुद्रा तरकारी, फलफुल | ५०० |

**नोट**

१) *माथि उल्लेखित प्रकृति, उपभोक्ता शिर्षकमा नपरेको व्यवसाय र उधोग दर्ता हुन आएमा व्यावसाय र उधोगको किसिम हेरी माथिको कर दरमा नघटनेगरि वार्षिक कर लिई व्यावसाय प्रमाणपत्र दिने ।*

२) *नगरपालिकामा दर्ता भई संचालनमा आएका फर्म, पसल, उधोग आदि लाई बन्द गर्नुपर्दा आवश्यकता अनुसार निरिक्षण गरि विगत वर्षको लाग्ने दस्तुर र जरिवाना समेत असुल गरि व्यावसाय बन्द सिफारिस दिने र सोको विवरण छुट्टै फायलमा खडा गरि अध्यावधिक गरि राख्ने ।*

३) *व्यवसायिक फर्म नामसारी गर्दा तिन पुस्तेभित्र रु २५० र सो भन्दा बाहिर नामसारी गर्दा रु ५०० राजश्व लिई नामसारी गरि दिने ।*

४) *नगरपालिकालाई आवश्यक परेमा (व्यावसायको किसिम निर्धारण गर्ने सन्दर्भमा) निजको ब्यावसायको कारोबारको आन्तरिक राजस्व कार्यालय कारोबार प्रमाणित विवरण माग गर्न सकिने छ साथै नगरपालिकाले तोकेको कर्मचारीबाट निरीक्षण गरि निरीक्षण प्रतिवेदनको आधारमा कर निर्धारण गर्दा उपयुक्त हुने ।*

५) *नगरपालिकालाई बुझाउनु तिर्नु पर्ने कर, शुल्क र भाडा आदि जस्ता राजश्व बुझाउन बांकी रहेमा न.पा बाट प्रदान गरिने सिफारिस लगायतका कुनै पनि सेवा प्रवाहबाट बंचित गर्न उपयुक्त हुने ।*

६) *व्यवसाय नविकरण सबै व्यवसाय दर्ता शुल्कको ५० प्रतिशत लिने ।*

७) *घ वर्गको निर्माण व्यवसाय इजजात दर्ताशुल्क ५०००। र नविकरण शुल्क १०००। हुने ।*

८) *अन्य बांकी करहरुका हकमा ऐन तथा नियमावलीमा तोकिएको परिधिभित्र रहि नगरसभाले तोक्ने जुन सामान्यतया कारोबारको स्तर हेरि जरिवाना तोक्ने ।*

### *१६. निजि विधालय दर्ता*

| | | |
|---|---|---|
| *१* | *पुर्व प्राथमिक* | *५०००* |
| *२* | *आधारभुत* | *७०००* |
| *३* | *माध्यमिक* | *१५०००* |
| *४* | *उच्च माध्यमिक र क्याम्पस* | *२००००* |
| *५* | *प्राविधिक शिक्षा तर्फको* | *२००००* |

# अनुसूची ६

(दफा ७ सँग सम्वन्धित)

## विज्ञापन कर

| सि.नं. | बिवरण | प्रस्तावित दर रु |
|---|---|---|
| १ | व्यावसायिक प्रयोजनको लागी नगर क्षेत्रभित्र राखिएका डिजिटल वोर्ड,होंडिंग,भिते लेखन आदिमा प्रति वर्ग फट | ५० |
| २ | ग्लो साइन वोर्ड, डी.पी.एस वोर्ड आदि | ५० |
| ३ | तलु,व्यानर आदिमा एक पटकको लागी प्रति फिट | ५ |

| | | |
|---|---|---|
| ४ | तलु,व्यानर आदिमा एक पटकको लागी प्रति फिट वढीमा एक महिनासम्म | २०००। |

नोट : मदिरा,रक्सी, चुरोट तथा सुर्तिजन्य पदार्थमा थप ७० प्रतिशत दर्ता तथा नविकरण शुल्क लिने ।

शर्तहरु

१. कुनै पनि प्रकारका विज्ञापन गर्दा नपावाट पुर्व स्वीकृत लिएर मात्र गर्नुपर्दछ ।

२.नेपाल सरकार ,प्रदेश सरकार,स्थानीय सरकारको नीति वमोजिम सार्वजनिक स्थलमा विज्ञापन गर्न वन्देज गरेको (मादक पदार्थ,सुर्तीजन्य) जस्ता वस्तुहरुको विज्ञापन गर्न पाइने छैन ।

३.यातायात सवारी साधनहरुको विक्री प्रयोजनको लागी हुने विज्ञापनमा २५ प्रतिशत थप गरी कर लिइने छ ।

४.विभिन्न संघ संस्थाहरुको तर्फवाट हुने सेवामुलक प्रचार प्रसारका सामग्रीहरुमा उल्लेखित दरमा ५० प्रतिशत छुट दिईने छ ।

५.नेपाल सरकार ,प्रदेश सरकार तथा स्थानीय सरकारको तर्फवाट हुने प्रचार सामग्रीमा कर लाग्ने छैन ।

६.स्वीकृत नलिई राखिएका विज्ञापनहरु हटाइने छ र पहिला प्रचार सामग्री राखी पछि स्वीकृत माग गरेमा नगरपालिको आवश्यकता र औचित्व हेरु शत प्रतिशत जरिवाना लिई कर लिइने छ ।

७. निजी स्वामित्वको जग्गामा राखिने प्रचार सामग्रीको हकमा सम्वन्धित जग्गाधनीसंग सहमती लिई त्यस्तो प्रकृतीको प्रचार सामग्रीमा ५० प्रतिशत छुट दिइने छ

# अनुसूची ७

(दफा ८ सँग सम्वन्धित)

## मनोरञ्जन कर

चलचित्र,टेलिचलचित्र, बृत्तचित्र निर्माण, परामर्श सेवा, अनुसन्धान तथा परामर्शदाता, अनुवादक, आदि ।

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | ३ लाख सम्म | ३००। |
| २ | ३ लाख १ देखि ५ लाख सम्म | ५००। |
| ३ | ५ लाख १ देखि १५ लाख सम्म | १०००। |
| ४ | १५ लाख १ देखि २० लाख सम्म | १५००। |
| ५ | २० लाख १ देखि १ करोड सम्म | २०००। |
| ६ | १ करोड १ देखि ५ करोड सम्म | ३०००। |
| ७ | ५ करोड १ देखि माथि | ५०००। |

**मेला, सर्कस, महोत्सव,कन्सर्ट तथा आवधिक मनोरन्जनात्मक सेवाहरु**

| सि.नं. | बिवरण | प्रस्तावित दर |
|---|---|---|
| १ | १ दिन सम्म लाग्ने | १०००। |
| २ | १ देखि २ दिन सम्म | १५००। |
| ३ | ३ देखि ५ दिन सम्म लाग्ने | २०००। |
| ४ | ५ देखि ७ दिन सम्म लाग्ने | २५००। |
| ५ | ७ देखि १५ दिन सम्म लाग्ने | ३५००। |
| ६ | १६ देखि ३० दिन सम्म लाग्ने | ७०००। |
| ७ | १ महिना देखि माथि लाग्ने | १००००। |

# अनुसूची ८

(दफा ९ सँग सम्वन्धित)

## सेवा शुल्क र सेवा दस्तुर

| सि.न. | विवरण | दस्तुर रु |
|---|---|---|
| १ | नेपाली नागरिकताको सिफारिस | |
| | क. वंशज | १०० |
| | ख.वैवाहिक | १०० |
| | अगिंकृत | १००० |
| | ग.प्रतिलिपी | ५० |
| २ | राहदानी सिफारिस | ३०० |
| ३ | नाता प्रमाणित | |
| | क. नेपालीमा मृतकसंग | १०० |
| | ख. नेपालीमा अन्यसंग | २०० |
| | ग.अग्रेजीमा | ३०० |
| ४ | नाम थर संशोधन सिफारिस | १०० |
| ५ | विधुत जडानको सिफारिस | |
| | क. घरायसी | १५० |
| | ख. कृषि | निशुल्क |
| | ख. व्यापारिक | ५०० |
| | ग.साना उधोग | ६०० |
| | घ. ठुला उधोग | १००० |
| ६ | विधुत घारा नामसारी सिफारिस | ५०० |
| ७ | आय श्रोत घर जग्गाको मुल्यांकन सिफारिस प्रति लाखमा | ५० |
| ८ | वसोवास प्रमाणित सिफारिस | |
| | क.वैदेशिक प्रयोजन | १००० |
| | ख.स्वदेशी प्रयोजन | २०० |
| | ग.अस्थायी वसोवास | ५०० |
| ९ | जन्म मिति प्रमाणित | १०० |
| १० | जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी सिफारिस | २०० |
| ११ | घर निर्माण सम्पन्न सिफारिस | ५०० |
| १२ | घर नक्शा पास नामसारी | |
| | कच्ची घर | २०० |
| | पक्की घर | ५०० |
| | पक्की एक तल्ले | १००० |
| | पक्की दुई तल्ले | २००० |
| | पक्की तीन तल्ले | २५०० |
| १३ | घर कायम सिफारिस | |
| | पक्की | १००० |
| | कच्ची | ५०० |
| १४ | घर वाटो प्रमाािणत तथा सिफारिस प्रति किता | |
| | पक्की सडकसँग जोडिएको | ५०० |
| | कच्ची तथा ग्राभेल सडकसँग जोडिएको | ३०० |
| | वाटो नभएको | २०० |
| १५ | चार किल्ला प्रमाणित प्रति किता | |
| | पक्की सडकसँग जोडिएको | ५०० |
| | कच्ची तथा ग्राभेल सडकसँग जोडिएको | ३०० |
| | वाटो नभएको | २०० |
| १६ | नामसारी सिफारिस प्रति किता | |
| | जग्गा र घर समेत भएको | १००० |

| | | |
|---|---|---|
| | जग्गा मात्र भएको | ५०० |
| | पक्की सडकसँग जोडिएको | १००० |
| | कच्ची तथा ग्राभेल सडकसँग जोडिएको | ५०० |
| | सडक सग नजोडिएको | २०० |
| १७ | छुट तथा आंकडा जग्गा नामसारी सिफारिस दस्तुर (प्रति कठठा) | ५०० |
| १८ | विटौरी जग्गा नामसारी वा हक हस्ताण्तरण (प्रति कठठा) | ५०० |
| १९ | मोही नामसारी सिफारिस (३ नम्वर मोहियानी हक प्राप्त भएको मात्र) | १००० |
| | जग्गाधनी भए मोही लगत कटाको लागी | ५०० |
| | मोही भए | ५०० |
| २० | अंग्रेजी सिफारिस अन्य | ५०० |
| २१ | सवै संस्था दर्ता सिफारिस | १००० |
| | टोल विकास संस्था | निशुल्क |
| २२ | नाफा मुलक संस्था दर्ता सिफारिस | २००० |
| २३ | निजी विधालय संचालन सिफारिस | १००० |
| २४ | निजी विधालय कक्षा थप सिफारिस | २००० |
| २५ | दलित जनजाती मधेशी आदि सिफारिस | १०० |
| २६ | चारित्रिक सिफारिस दस्तुर नपा वाहिरको हकमा | ५०० |
| २७ | चारित्रिक सिफारिस नपाको हकमा | २०० |
| २८ | भारत जाने सिफारि समान विवाह,मरण वा अन्य पर्वमा समान ल्याउनेको हकमा समेत | २०० |
| २९ | अन्य मुलुक | ५०० |
| ३० | व्यक्ती प्रमाणित | २०० |
| ३१ | प्रमाणित (दर्ता हुनु अघिकोमा ) | २०० |
| ३२ | छात्रवृती सिफारिस | निशुल्क |
| ३३ | उपचार सिफारिस | निशुल्क |
| ३४ | बसाई सरि जादा वा कुनै पर्व समारोहमा जादा साथमा समान लानेको सिफारिस | ५०० |
| ३५ | उधोग/पसल दर्ता सिफारिस | |
| | घरेलु | २०० |
| | साना | ५०० |
| | ठुला | १००० |
| ३६ | उधोग/पसल ठाउसारी सिफारिस | १००० |
| ३७ | अपुताली सिफारिस | १००० |
| ३८ | निवेदन दस्तुर (फाराम शुल्क) | १० |
| ३९ | आगलागी सिफारिस | निशुल्क |
| ४० | नावालक सिफारिस | १०० |
| ४१ | व्यक्तीगत घटना दर्ता सिफारिस (म्याद नाघेकोमा सम्वन्ध विच्छेद वाहेक | ५० |
| ४२ | अविवाहित प्रमाणित/जिवित प्रमाणित | १०० |
| ४३ | सुचिकृत दर्ता  नक्शा निर्माणको कन्सलटेन्सी वाहेक | २०० |
| ४४ | कन्सलटेन्सी  फर्मको सुचिकृत (घर नक्शा प्रयोजन) | २५०० |
| ४५ | पेन्सन पटा सिफारिस | ५०० |
| ४६ | व्यावसाय वन्द सिफारिस | २०० |
| ४७ | वैदेशिक रोजगारको सिलसिलामा मृत्यु भएको  व्यक्तीको सिफारिस | निशुल्क |
| ४८ | सम्वन्ध विच्छेद दर्ता /सिफारिस | ५० |
| ४९ | सहलुलिय काठको सिफारिस | २०० |
| ५० | काठको सिफारिस कटान चिरान | |
| | घरायसी प्रयोजन | ५०० |
| | व्यपारिक प्रयोजन | १००० |
| ५१ | जग्गा छुटयाउने प्रति किता (नपाको अमिनद्धारा) | १००० |
| ५२ | प्रतिलिपी सिफारिस | |
| | नक्शा पास सम्वन्धी प्रमाणपत्रको प्रतिलिपी | ५० |
| | घरको नक्शाको प्रतिलिपी | ५०० |
| | व्यावसाय प्रमाणपत्रको प्रतिलिपी | ५० |

| | | |
|---|---|---|
| | योजना तथा कार्यत्रकमसंग सम्वन्धित  कागजातको प्रतिलिपी प्रति पाना | ३० |
| | अन्य प्रतिलिपी प्रति पाना | १० |
| ५४ | खानेपानी धारा/टेलिफोन जडानको सिफारि | |
| | घरायसी | २०० |
| | व्यावसायिक | ५०० |
| ५५ | माथि उल्लेख नभएको साधारण प्रकृतीको सिफारिस | २०० |
| ५६ | मथि उल्लेख नभएको जटिल प्रकृतीको सिफारिस | ५०० |
| ५७ | सिफारिसको लागी सर्जमिन गर्नुपरेमा सर्जमिन शुल्क वापत | ५०० |
| ५८ | खुल्ला स्थानमा दिशा  गर्नेलाई जरिवाना | ५०० |
| ५९ | न्यायिक दस्तुर उजुरीकर्तालाई उजुरी दर्ता वापत | १०० |
| ६० | मादक पदार्थ सेवन गरी होहल्ला गरेमा वा सवारी साधन चलाएमा | १००० |
| ६१ | डिजे वाजा वजाउनेलाई | १००० |
| ६२ | तमसुक प्रमाणित दस्तुर | २०० |
| ५८ | वडाको अधिकार क्षेत्र बाहेका नगरबाट हुने समान्य प्रकृतिका सिफारिस | ५०० |
| ५९ | वडाको अधिकार क्षेत्र बाहेका नगरबाट हुने बिशेष प्रकृतिका सिफारिस | १००० |

नोटः उल्लेख हुन छुट भएका अन्य सिफारिसमा दस्तुर सम्वन्धमा द्धिविध युक्त भए नपा प्रमुखले बाधा अडकाउ फुकाउने गरी नपा प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने । खुल्ला दिशा गर्ने व्यक्ती समाउनेलाई पुरुस्कार स्वरुप २५० उपलव्ध गराउनृ ।

## अनुसूची ९

(दफा १० सँग सम्वन्धित)

## छुट, दण्ड जरिवाना सम्वन्धी व्यवस्था

**क)** नगरपालिका घोषणा हुनुपूर्व बनेका तथा २०७४ माघ महिना भन्दा अघि मापदण्ड अनुसार निर्माण भएका भवनको हकमा घर नक्शापास तथा अभिलेखीकरण प्रयोजनको लागी  नगरपालिकाले सुचना प्रकाशित गरी प्रकाशित सुचनामा तोकिएको म्यादभित्र निवेदन पेश भएमा २५ प्रतिसत छुट दिने ।

ख) बुदा (क) मा तोकिएको समयावधि भित्र घर नक्शापास गरी नियमित नगराएमा तोकिएको छुट उपलव्ध नगराउने ।

ग) भवन निर्माण ईजाजत नलिई हाल निर्माण भईरहेका सम्पुर्ण मापदण्ड अनुसारका भवनको हकमा घर नक्शा पास  गरी नियमित गराउनका लागि नगरपालिकाले सुचना प्रकाशित गरी प्रकाशित सुचनामा तोकिएको म्यादभित्र निवेदन पेश भएमा २५ प्रतिसत छुट दिने ।

घ) बुदा नं (क), (ख) र (ग) बमोजिम घर नक्सा पास नियमित नगराएको हकमा नगरपालिकाले उपलब्ध गराउने सम्पुर्ण सेवाबाट बञ्चित गराउन सक्नेछ ।

(ङ) नगरपालिकाले तोकिने म्याद भित्र निवेदन पेश नभएको हकमा पछि नक्शा पास तथा अभिलेखीकरण गर्नु पर्दा थप ५० प्रतिशत जरिवाना लाग्नेछ ।

| सि.नं. | बिवरण | पारित कर रकम | कैफियत |
|---|---|---|---|
| १ | ३५ दिन भित्र दर्ता भएका व्यक्तिगत घटना | निशुल्क | |
| २ | ३५ दिन नाघि दर्ता हुने व्यक्तिगत *(घटना प्रति घटना)* | ५०। | |
| ३ | नक्शापास नगरि चर लेवल सम्म भौतिक संरचना निर्माण गरेमा | ५ प्रतिशत | आ.व. २०७५।०७६ मा लागु भएको दस्तुरको आधारमा |
| ४ | नक्शापास नगरि चर भन्दा माथि सम्म भौतिक संरचना निर्माण गरेमा | १० प्रतिशत | आ.व. २०७५।०७६ मा लागु भएको दस्तुरको आधारमा |
| ५ | नक्शापास नगरि घर तथा भौतिक निर्माण सम्पन्न गरेमा | १५ प्रतिशत | आ.व. २०७५।०७६ मा लागु भएको दस्तुरको आधारमा |

| | | | |
|---|---|---|---|
| ६ | निश्चीत तल्ला वा निश्चित डिजाइनको अनुमति लिई सो भन्दा बढि वा फरक घर निर्माण गरेमा | १५ प्रतिशत | आ.व. २०७५।०७६ मा लागु भएको दस्तुरको आधारमा |
| ७ | घर निर्माण गर्दा सडकमा जथाभावी निर्माण सामाग्री थुपार्नेको हकमा | २० प्रतिशत | सडकमा पुगेको अवरोध र क्षतिको आधारमा |
| ८ | निशेधित क्षेत्रमा फोहोर फाल्नेको हकमा | १५०००। | निशेधित क्षेत्र घोषणा न.पा.ले स्थानिय रेडियो तथा पत्रपत्रिका मार्फत जानकारी गराउने |
| ९ | जथाभावि चौपाय छोड्नेको हकमा | रु.२००.० | प्रति गोटा |
| १० | मालपोत हकमा | १० प्रतिशत | प्रति वर्ष |
| ११ | व्यावसाय करको हकमा | २५ प्रतिशत | |
| १२ | समयमै लेखापरिक्षण तथा साधारण सभा नगर्ने सहकारी संस्था | रु ५०० | प्रति वर्ष |

# अनुसूची १०

(दफा ११ सँग सम्वन्धित)

## सवारी साधन पार्किङ शुल्क

| सि.न. | विवरण | बार्षिक सवारी कर | पटके सवारी कर | पार्किंग कर |
|---|---|---|---|---|
| १ | बस,ट्रली,लहरी, हेभी गाडीमा | | | १० |
| २ | भाडाका कार जीप | | | ५ |
| ३ | भाडाको टेम्पो | | | ५ |
| ४ | नीजि मिनि वस | | | १० |
| ५ | निजी टेम्पो | | | ५ |
| ६ | मोटरसाइकल स्कुटर | | | ५ |
| ९ | ट्रयाक्टर | | | १० |
| १० | पावर टेलर | | | ५ |
| ११ | विधुतीय रिक्सा | | | ५ |
| १२ | एक्जाभेटर/डोजर | | | १० |
| १३ | टेलर,लहरी विदेशी | स्वदेशी भन्दा दोव्वर दस्तुर | | |
| १४ | बस,ट्रक विदेशी | | | |
| १५ | मिनी वस मिनी ट्रक विदेशी | | | |
| १६ | जिप/कार विदेशी | | | |

# अनुसूची ११

(दफा १२ सँग सम्वन्धित)

## *जडीवुडी कवाडी जीवजन्तु कर*

उन,खोटो,जडीवुटी,बनकस,कवाडी माल,जीवितजन्तु तथा अन्य मृत वा मारिएका जीवजन्तुको हाड,सिड,प्वाँख,छाला,जस्ता वस्तुको व्यावसायिक कारोवार गरे वापत जडीवुटी,कवाडी र जीवजस्तु कर लाग्ने छ । उल्लेखित मालसमानका हकमा निम्न वमोजिम हुने साथै संकलन गर्ने कार्यविधि नगरपालिकाले तोके वमोजिम हुने ।

क. कागजजन्य समानका लागी प्रति किलो ग्राम - ५० पैसा

ख. फलाम/स्टीलजन्य समानका लागी प्रति किलो ग्राम-रु १

ग. हाड सिंह प्वाख जस्ता समानको लागी प्रीत किलो ग्राम- २५ पैसा

घ. वनजन्य जडीवुटीको लागी प्रति किलो ग्राम- रु २

## अनुसूची १२

(दफा १३ सँग सम्वन्धित)

## पर्यटन शुल्क

संघीय सरकार र प्रदेश सरकारले तोके वमोजिम हुने ।

## अनुसूची १३

(दफा १४ सँग सम्वन्धित)

## दैनिक गुद्री (बहाल बिटौरी) कर :

| सि.नं. | विषय शिर्षक | बिवरण | प्रस्तावित दर |
|---|---|---|---|
| १ | **माछा, मासु बिक्री सम्बन्धि** | खसी, बोका सुगुर बंगुर रांगा कुखुरा माछा | १००। |
| | | कुखुरा माछा | ५० |
| २ | **कपडा तथा जुत्ता चप्पल आदि संग सम्बन्धित पसल** | रेडिमेड सामान राखी बिक्री गर्ने पसलमा | २०। |
| | | थान कपडा विक्री गर्ने पसलमा | २०। |
| | | जुत्ता चप्पल बिक्री पसलमा सानो | २०। |
| | | जुत्ता चप्पल सिलाई गर्ने मोचि | १०। |
| ३ | **तरकारी तथा फलफुल सम्बन्धि** | फलफुल, नास्ता ठेलामा राखी बिक्री गर्ने पसलमा | २०॥ |
| | | साग सब्जी डोका वा डालामा राखी बिक्री गर्ने | २०। |
| | | भारमा सब्जी आदि ल्याई बिक्री गर्ने | २०। |
| | | सिजन अनुसारको सागसब्जी आलु पसल ठूलो | २०। |
| | | सिजन अनुसारको सागसब्जी आलु पसल सानो | २०। |
| | | फलफुल सागसब्जी पसल अन्यमा | २०। |
| | | फलफुल सागसब्जी प्रति वयलगाडा | २०। |
| | | फलफुल सागसब्जी बोरा। खुद्रा पसल | २०। |
| ४ | **खाधन्यसंग सम्बन्धित** | ढाकीमा ल्याई बेच्ने दाल, चामल, पिठो, च्यूरा आदिमा | २०। |

| | | | |
|---|---|---|---|
| | | बिस्कुट, चकलेट, पाउरोटी, साबुन बिक्री गर्ने पसलमा | २०। |
| | | मिठाई पसलमा | २०। |
| | | चटपटी तथा बरफ | १०। |
| | | चिया पसल | २०। |
| | | माछा, मासु, तरकारी पकाई बिक्री गर्ने पसलमा | २०। |
| | | अदुवा, लसुन, खुर्सानी, कुचो नांग्लो बेच्नेसंग | २०। |
| | | बीउ बिजन बिक्री गर्ने पसलमा | २०। |
| | | चकटी आदि बेच्नेसंग | १०। |
| | | मकै पोली बेच्नेसंग | १०। |
| | | जडीबुटी बिक्री गर्नेसंग | २०। |
| | | किराना पसलमा | २५। |
| | | अन्य छुटपुट पसलमा | १०। |
| **५** | **पशुपंक्षि जिउदा बिक्रीसंग सम्बन्धित** | कुखुरा, हांस बिक्री गर्ने पसल प्रतिगोटा | ५। |
| ६ | **परम्परागत शिपसंग सम्बन्धित** | कपाल काटने सैलुनमा | १०। |
| | | माटोको भांडा बेच्ने पसल ठूलोमा | १०। |
| | | माटोको भांडा बेच्ने पसल सानोमा | १०। |
| | | कुचो, कुनिया, खोगी डोको नांग्लो बेच्ने | १०। |
| | | खटियामा सामान राखी बिक्री गर्ने पसलमा प्रति गोटा | १०। |
| | | फालमका औजार तथा समान बिक्री गर्ने पसलमा | १०। |
| ७ | **अन्य ब्यवसाय संग सम्बन्धित** | भाडाकुडा पसलमा | २०। |
| | | फोटो फ्रेमिË तथा बिक्री पसल | १५। |
| | | लाइट, पेट्रोमेक्स, स्टोभ, छाता मर्मत पसलमा | १०। |
| | | बास प्रति गोटा | २। |
| | | प्रचार प्रसार गरी ब्यावसाय गर्ने विज्ञापन सम्बन्धी पसलमा प्रतिदिन | १०। |
| | | खेल तमासा, जादू चटकी आदिमा | १०। |
| | | चुरी, धागा, टीका आदि श्रृंगार  तथा मनिहारी पसल ठूलोमा | १०। |

| | | | |
|---|---|---|---|
| | | चुरी, धागा, टीका आदि श्रृंगार तथा मनिहारी पसल सानोमा | २०। |
| | | मुरली, बासुरी, गुलेली, थैली, जुम्रा, उड्स आदी मार्ने औषधी बिक्री गर्ने | १०। |

*नोटः माथि नपरेको व्यावसायको हकमा नगरपालिकाले तोके वमोजिम रु ५ देखि १० सम्म कर लिन सक्ने ।*

## अनुसूची १४

(दफा १५ सँग सम्वन्धित)

## *नक्शा पास/अभिलेखीकरण दस्तुर*

*घर नक्शा अभिलेखीकरण प्रयोजन/नक्शा पास दस्तुर*

| सि.न. | भवनको प्रकार | वेसमेन्ट तल्ला रु वर्ग फुट | भुई तल्ला प्रति वर्ग फुट रु | पहिलो तल्ला प्रति वर्ग फुट रु | दोस्रो तल्ला प्रति वर्ग फुट रु | तेस्रो तल्ला प्रति वर्ग फुट रु |
|---|---|---|---|---|---|---|
| १ | आर.सी.सी.पिलर भएको | २ | ३ | ३।५० | ४ | ४।५० |
| ३ | ढुगा वा इटटा वा व्लकमा सिमेन्ट वालुवाको गारो ( आर.आर.सी.सी.को छानो भाएको) | | २।५० | ३ | ३।५० | |
| ३ | सिमेन्टको जोडाईमा ढुंगा वा इटटा वा व्लकको गारो जस्ता वा टायलको छाना | | १ | १।५० | २ | |
| ४ | पटहाको घेरावारा वा फुसको घर | | १ | १।५० | | |
| ५ | सिमेन्ट जोडाईको कम्पाउण्ड वाल | प्रति रनिंग फिट | | | | ५ |
| ६ | माटो जोडाईको कम्पाउण्ड वाल | प्रति रनिंग फिट | | | | ३ |
| ७ | तार वार वा फुस को कम्पाउण्ड वाल | एकमुष्ठ | | | | रु १००० |

## अनुसूची १५

(दफा १६ सँग सम्वन्धित)

## *दहत्तर बहत्तर शुल्क*

| सि.न. | प्रकार | कर |
|---|---|---|
| १ | ढुगां गिटी बालुवा रोडा बिक्रि एव घाटगदी प्रति क्युफिट | रु ३ |
| २ | माटो बिक्री एवं गाटगदी प्रति क्युफिट | रु २ |

| | | |
|---|---|---|
| ३ | काठ दाउरा बिक्रि मूल्यको | १० प्रतिशत |

साविक देखी नगरपालिका गठन हुदासम्म भोगचलन भईरहेको जग्गा वाहेक अन्य सवै सार्वजनिक ऐलानी परती जग्गा नगरपालिकाको नियन्त्रणमा लिईने र भोगचलन गरेको जग्गामा अवस्थित घरको देहाय वमोजिमको कर लिने

| सि.न. | घरको विवरण | बार्षिक लाग्ने कर |
|---|---|---|
| १ | कच्ची घर प्रति घर | रु ५०० |
| २ | अर्धपक्की घर प्रति घर | रु ७०० |
| ३ | पक्की घर प्रति घर | रु १००० |
| उल्लेखित कर भुई तल्लाको लागी मात्र भएकोले थप तल्ला भए प्रति तल्ला भुई तल्लाको लागी तोकिए वमोजिम थप लिने । | | |

नगरपालिका क्षेत्रभित्र रहेका पोखरीहरुको,हाटबजारहरुको र खोलानालाहरुको ठेक्का वन्दोवस्तीको लागी कायम गरिने न्युनतम मुल्य अघिल्लो बर्षको लगाइएको ठेक्काको मुल्य वा नगर कार्यपालिकाको निर्णयवाट तोकी ठेक्का वन्दोवस्त गर्ने ।